नि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक ११७ २०७७ साल मंसिर १८ गते बिहीबार (3 Dec. 2020 Thursday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात वर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : चालक अनुमतिपत्रका ... ३ पृष्ठमा : त्रिवि सेवा आयोगको ... ३ पृष्ठमा : अमेरिकामा एक हप्ताभित्रै ...

# पुराना मुद्दा साढे तीन वर्ष भित्रै शुन्यमा झार्ने अदालतको तयारी : सर्वोच्चका न्यायाधीश कार्की



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर**

सर्वोच्च अदालतका न्यायाधिश हरिकृष्ण कार्कीले विगतका वर्षबाट सरेर आएका पुराना मुद्दाहरु अबको साढे तीन वर्ष भित्रै शुन्यमा झारिने तयारी गरिएको जानकारी दिएका छन् ।

बुधबार उच्च अदालत जनकपुर राजविराज इजलाशको सभा कक्षमा न्यायपालिकामा हुन सक्ने बिकृती बिसंगति र अनियमितता तथा बिचौलियाबाट हुन सक्ने क्रियाकलाप र त्यसको रोकथामका लागि चाल्नु पर्ने उपायहरुको सम्बन्धमा बिस्तत् अध्ययन गरि प्रतिवेदन पेश गर्न उनकै नेतृत्वमा गठित समितिले आयोजना गरेको राय सुझाव संकलन कार्यक्रममा सो जानकारी दिएका हुन् ।

कार्यक्रममा सहभागि नागरिक समाज, संचारकर्मी र अधिकारकर्मीलाई सम्बोधन गर्दै उनले आगामी बि.स. २०८० साल भित्र विगतका वर्षहरुबाट सरेर आएका सबै पुराना मुद्दालाई फर्च्छ्यौट गरि शुन्यमा झारिने लक्ष्यका साथ काम अघि बढेको र समयमै लक्ष्य प्राप्त गर्ने बताए ।

पुराना मुद्दाहरुलाई सरल, जटिल र अतिजटिल गरि तीन किसिमले वर्गिकरण गरि अबको तीन वर्ष भित्र न्याय सम्पादन र फर्च्छ्यौट गर्ने लक्ष्यका साथ तिब्र गतिमा काम अघि बढिसकेको छ उनको भनाई छ ।

उनले सकभर पेशीमा चढेर छलफलमा गएका मुद्दाबारे समाचार सम्प्रेशन नगरिदिन अनुरोध गर्दै भने, “यसरी समाचार मिडियामा आउँदा स्वतन्त्र निर्णयमा समेत असर गर्छ ।”

कार्यक्रममा न्याय परिषद्का सदस्य लक्ष्मी बहादुर निराला खडका, नायब महान्यायधिवक्ता नारायण प्रसाद पौडेल, नेपाल बार एशोसिएशनका अध्यक्ष चन्देश्वर श्रेष्ठ, सर्वोच्च अदालतका सहरजिष्टार नेत्र प्रसाद आचार्यलगायतले पनि बोल्दै न्याय सम्पादनका बेला न्यायाधीशलाई कतैबाट प्रभाव पार्नु नहुने जिकिरका साथ छिटो, छरितो र विश्वसनिय न्याय सम्पादनका लागि सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नु पर्नेमा जोड दिएका थिए ।

# नुनदेखी सुन तथा माछा पसलमा अनुगमन, कम तौलका ढक तराजु बरामद



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर**

गुणस्तर तथा नाप तौल कार्यालय बिराटनगरले बुधबार राजविराजस्थित नुनदेखी सुन पसलसम्म १ सय ४० पसलको अनुगमन गरेको छ ।

राजविराजस्थित ती पसलहरुमा नापतौलका लागि प्रयोग गरिने ढक तराजुको जाँचलाई प्राथमिकता दिदै कम ढक तराजु भएका व्यवसायीको ढक तराजुमा गडबढी पाइएकोले सोलाई नियन्त्रणमा लिई एक पटकका लागि सचेत समेत गराइएको छ ।

यस्तै माछा हटिया तथा हटिया बजारका अन्य पसलहरुबाट ४० भनद बढी ढक तराजु जफत गर्नुका साथै एक पल्टका लागि सचेत गराएर सुध्रिने मौका दिइएको टोलीमा सहभागि उपभोक्त मञ्च नेपालका महासचिव शत्रुघनलाल देवले बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं. :- ८५
पत्र संख्या :- 066106८

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

प्रस्ताबहरु

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

कार्यक्रम

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अवधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

समय : बिहान ११ बजे देखि
स्थान : संस्थाको प्रांगण

बिश्वनाथ मण्डल
अध्यक्ष



## सम्पादकीय

# पार्टी भित्रको विवाद समाधान गर्नु आवश्यक

मुलुक अहिले पुनः जटिल परिस्थितिबाट गुज्रिरहेको अवस्था रहेको छ । नेकपामा देखिएको विवाद र राजावादीको नाममा भइरहेको प्रदर्शनका कारण मुलुक अहिले अस्थिर अवस्था रहेको छ । विगत केही महिनादेखी नेकपाका दुई अध्यक्षबीच चलेको विवाद कै बीच राजावादी भनिनेहरुले मुलुकको विभिन्न स्थानमा प्रदर्शन गरिरहेका छन् । कोरोना महामारीको त्रासका बीच यस्तो प्रदर्शनले मुलुकलाई अस्थिरताको बाटो धकेल्दै गएको छ ।

यता विगत लामो समयदेखी नेकपाका दुई अध्यक्षबीच चलिरहेको विवाद साम्य हुन सकिरहेको छैन् । विवाद समाधानका लागि सधैं बैठक बस्ने र स्थगित हुने गर्दा यसले राजनीति वित्तमा राम्रो सन्देश दिएको देखिदैन् । कुनै पनि विवाद आउने बित्तिकै तुरन्त समाधान गर्नु पर्ने हो तर नेकपामा विवाद साम्यको विषय झनै विवादित हुन पुगेको छ । दुई तिहाईको सरकार समेत नेतृत्व गरिरहेको नेकपामा चलिरहेको विवादले नेपाली जनतामा अहिले निकै गम्भिर विषय बनेको छ ।

नेकपाको विवाद र राजावादीहरुको प्रदर्शनले मुलुकको स्थिरराजनीतिलाई अस्थिरतामा धकेलेको छ । यस्ता गम्भिर विषयलाई सरकारले गम्भिरतापूर्वक समाधान गर्न तर्फ लाग्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# चालक अनुमतिपत्रका लागि परीक्षा नलिइने

काठमाडौँ, १७ मङ्सिर (रासस) ।

काठमाडौँ उपत्यकाका यातायात व्यवस्था कार्यालयले तत्काल नयाँ चालक अनुमतिपत्रका लागि परीक्षा सञ्चालन नगर्ने भएको छ । काठमाडौँ उपत्यकामा कोभिड-१९ को सङ्क्रमण फैलिरहेकाले तत्काल नयाँ अनुमतिपत्र खोल्नेबारे कुनै निर्णय नभएको एकान्तकुनास्थित चालक अनुमतिपत्र कार्यालयका प्रमुख सम्बरबहादुर कार्कीले बताउनुभयो । सामान्य अवस्थामा यी कार्यालयले नयाँ अनुमतिपत्रका लागि परीक्षा सञ्चालन, नवीकरण र अनुमतिपत्र वितरण गर्दै आएका थिए । गत चैतदेखि भने कार्यालयले नयाँ अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गरेका छैनन् ।

सेवाग्राहीको धेरै भीड हुने भएकाले तत्काल नखोलिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अवस्था केही सामान्य भएपछि नै परीक्षा लिन सकिन्छ ।" सरकारले गत चैतमा बन्दाबन्दी गरेपछि असारसम्म कार्यालय ठप्प थियो । असारदखि नै कार्यालयले अनुमतिपत्र वितरण र नवीकरण शुरु गरेको थिए । दशैँ पहिलेसम्म धेरै कार्यालय बन्द रहेकाले फुर्सद्को समयमा चालक अनुमतिपत्र लिन आउने र नवीकरणका लागि आउने सेवाग्राहीका कारण कार्यालयमा धेरै भीड हुने गरेको थियो ।

दशैँ-तिहारपछि सेवाग्राहीको चाप कम भएको उहाँले बताउनुभयो । उहाँका अनुसार अनुमतिपत्र खोल्ने कहिले भन्ने धेरै सेवाग्राहीको चासो रहेको छ । उहाँले भन्नुभयो, "कतिले फोन गरेर र कतिले कार्यालयमा आएर कहिले अनुमतिपत्र खुल्छ भनेर सोध्ने गर्नुहुन्छ ।" प्रदेश सरकार मातहातको कार्यालय भएकाले वाग्मती प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले निर्णय गरेपछि मात्रै नयाँ अनुमतिपत्र खुल्नेछ । उपत्यकामा रहेका धेरै ड्राइभिङ प्रशिक्षण केन्द्रले भने अनुमतिपत्र चाँडै खुल्न लागेको भन्दै सेवाग्राहीलाई सिकाइरहेका छन् । तिहारलगत्तै उपत्यकाका धेरै केन्द्रमा सिक्नेको भीड देख्न सकिन्छ ।

# कुटानीपिसानी मिल सञ्चालकले सहुलियत मागे

विराटनगर, १७ मङ्सिर (रासस) ।

कुटानीपिसानी मिल सञ्चालकले सरकारसँग सहुलियत मागेका छन् ।

कुटानीपिसानी व्यवसायलाई जीवन्त राख्न बिना धितो न्यून ब्याजदरमा ऋृण उपलब्ध गराउन तथा बिजुलीको महशुल समयमै तिर्न नसक्दा लाग्ने जरिवानाको छुट दिने व्यवस्था गर्न उनीहरूले माग गरेका हुन् ।

मजदूर र कर्मचारीको ज्याला तथा घरभाडालगायत खर्चका लागि २ प्रतिशत व्याजमा कम्तिमा ३ वर्षका लागि ऋृण तथा खपत गरेको बिजुलीको महशुल समयमै तिर्न नसक्दा लाग्ने जरिवाना छुट आवश्यक रहेको कुटानी तथा पिसानी मिल व्यवसायी सङ्घका अध्यक्ष भरत कोइरालाले बताउनुभयो ।

सङ्घका अध्यक्ष भरत कोइरालाका अनुसार विराटनगर महानगरपालिकाभित्र १०० भन्दा बढी मिल सञ्चालनमा रहेको जानकारी दिनुभयो । प्रत्येक मिलले आफ्ना मिलमा एकदेखि चार जनासम्मलाई रोजगार दिने गरेको उहाँको भनाइ छ ।

विगत २५ वर्षदेखि सञ्चालन हुँदै आएको विराटनगरस्थित महावीर राइस एण्ड फ्लावर मिलका सञ्चालक लालबाबु भगतले आफ्नो मिलमा कुटानी पिसाउन गराउन आउने ग्राहकको सधैँ भीड लाग्ने गरेको बताउनुभयो । उहाँले गहुँ, चाना दाल, चामल पिसाएको प्रतिकेजी रु सात, मकै (खस्रो र मसिनो) रु सातदेखि १०, सातु, लिटो, फापर, कोदो रु आठ, चामलको पीठो सेलरोटी, अर्सा, अनरसाका लागि पिसाएको रु १५, मसाला, बेसार रु ४०, खुर्सानी रु ४५, तेजपात प्रतिकेजी रु ७०, जौ प्रतिकेजी रु १० र दाल बनाई रु सातमा कुटानी पिसानी गर्दै आएको जानकारी दिनुभयो ।

मिलको आम्दानीबाट नै आफ्नो घरपरिवारको खर्च र छोराछोरीलाई शिक्षा दिँदै आएको उहाँको भनाइ छ । उहाँले मिलमा दुई जनालाई रोजगारीसमेत दिएको छ । मिलअनुसार कुटानी पिसानीको दर पनि फरक फरक रहेका छन् । विराटनगर-९ स्थित अनिल मसाला मिलमा प्रतिकेजी जिरा, बेसार र धनियाँको पिसानी शुल्क रु ३० लिने गरेको छ । विगत १२ वर्षदेखि सञ्चालनमा रहेको सो मिलमा विशेषगरी तरकारीमा प्रयोग हुने मसाला पिसाउने गरेको सञ्चालक आशीष शाहले बताउनुभयो ।

अर्थतन्त्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेका त्यस्ता मिललाई कोरोना महामारीपछि पनि निरन्तरता दिन राहत प्याकेज आवश्यक रहेको उहाँको भनाइ छ ।

# एसपीसहित तीन प्रहरी अधिकृत निलम्बित

काठमाडौँ, १७ मङ्सिर (रासस) ।

गृह मन्त्रालयले आचरण विपरीत काम गरेका आरोपमा नेपाल प्रहरीका तीन प्रहरी अधिकृतलाई निलम्बन गरेको छ । निलम्बनमा पर्नेमा प्रहरी उपरीक्षक (एसपी) विमल बस्नेत र रामेश्वरप्रसाद यादव तथा प्रहरी निरीक्षक मेघराजप्रसाद चौरासिया छन् । मन्त्रालयको मङ्गलबारको सचिवस्तरीय निर्णयले तिनलाई निलम्बन गरिएको प्रहरी प्रवक्ता वसन्तबहादुर कुँवरले जानकारी दिनुभयो ।

प्रहरी वरिष्ठ उपरीक्षक कुँवरका अनुसार घटनाका विषयमा अहिले छानबिन भइरहेको र कसुरको मात्रा हेरी कारवाही हुनेछ । तीनै जनामाथि विगतमा कर्णाली प्रदेश ट्राफिक प्रहरी कार्यालयमा रहँदा आचरण विपरीत र गैरव्यावसायिक कार्य गरेको आरोप छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# त्रिवि सेवा आयोगको परीक्षा पुनः विवादमा

काठमाडौँ, १७ मङ्सिर (रासस)।

त्रिभुवन विश्वविद्यालय सेवा आयोगले विभिन्न अध्ययन संस्थान र सङ्कायका लागि लिएको उपप्राध्यापक पदको परीक्षासम्बन्धी विवाद अदालतमा पुगेको छ। नतिजाप्रति असन्तुष्ट २६ जना उम्मेदवारले उत्प्रेषणको आदेशबाट गत कात्तिक २६ गते आयोगले प्रकाशन गरेको नतिजा खारेजीको मागसहित सर्वोच्च अदालतमा रिट निवेदन दिएका हुन्।

समस्या समाधानका लागि आयोगलाई पटक-पटक गरिएको आग्रहको सुनुवाइ नभएकाले अदालतमा जानुपरेको परीक्षार्थीले जनाएका छन्। आयोगको गत कात्तिक २६ गतेको सूचनामा चिकित्साशास्त्र, इञ्जिनीयरिङ, कृषि तथा पशु विज्ञान, विज्ञान तथा प्रविधि, अध्ययन संस्थान, मानविकी तथा सामाजिक शास्त्र, शिक्षाशास्त्र, व्यवस्थापन सङ्कायका २४० परीक्षार्थीको परीक्षा आयोगको निर्णयानुसार रद्द गरिएको जनाइएको थियो।

आयोगले २०७६ कात्तिक २८ देखि २०७६ पुस २ गतेसम्म सञ्चालित विभिन्न अध्ययन संस्थान र सङ्कायका उम्मेदवारको परीक्षामा मर्यादाविपरीत तथा अनियमित कार्य भएको जनाउँदै उत्तरपुस्तिका र परीक्षा रद्द गरेको थियो। उत्तरपुस्तिकालाई विधिविज्ञान प्रयोगशालामा परीक्षण गराई प्राप्त अङ्कका आधारमा नतिजा प्रकाशन गरी पदपूर्तिको प्रक्रिया अघि बढाउन मागसहित यही मङ्सिर १४ गते रिट निवेदन दायर गरिएकामा अदालतले विश्वविद्यालयका पदाधिकारीलाई बोलाइएर सुनुवाइको मिति तय गर्न बाँकी छ।

समाजशास्त्र विषयमा नेपाल विद्याभूषण प्राप्त उम्मेदवार अञ्चला चौधरीले आयोगले गर्दै नगरेको गल्ती देखाइ आफूहरूको परीक्षा रद्द गर्ने सूचना प्रकाशन गर्नु न्यायोचित नभएको बताउनुभयो। आफ्नो समूहका सर्वोत्कृष्ट विद्यार्थीसमेत र लामो समय अध्यापनरतका लिखित परीक्षा रद्द गरी आयोगले अन्याय गरेकाले अयोग्य भनिएका र सफल उम्मेदवारबीचको प्राप्ताङ्कको फरक विवरण पाउन माग गरिएको परीक्षार्थी कपिल खनालले जानकारी दिनुभयो।

आफ्नो समूहमा 'इएनटी' विषयमा सर्वोत्कृष्ट डा कृपा डङ्गोलले नभएको गल्ती देखाएर सफल हुने सम्भावित उम्मेदवारलाई पाखा लगाउने कोशिश भएको आरोप लगाउनुभयो भने वायोकेमेस्ट्रिमा सर्वोत्कृष्ट रञ्जीत ठाकुरले धेरै राम्रो भएको विषयको जाँचको उत्तरपुस्तिका रद्द गरिएकोले यो कार्य उपयुक्त नभएको प्रतिक्रिया दिनुभयो।

मनोविज्ञान विषयमा अध्यायपकका लागि परीक्षा दिएका डा नरेन्द्रसिंह ठगुन्नाले आफूहरूको समूहमा एक स्थानका लागि गरिएको विज्ञापनमा १८ जनाले आवेदन र ११ जनाले परीक्षा दिएकामा कुनै पनि उम्मेदवार सफल नभएको नतिजा आउनु आश्चर्यको विषय भएको बताउनुभयो। यस समूहका परीक्षार्थीले भने आयोगविरुद्ध कानूनी चुनौती दिएका छैनन्।

सेवा आयोगका कार्यालय प्रमुख केदारनाथ ढकालद्वारा कात्तिक २६ गते जारी सूचनामा उत्तरपुस्तिकामा मर्यादाविपरीत परीक्षकलाई आफ्नो पहिचान खुलाउने गरी तोकिएको ठाउँभन्दा अन्यत्र आफ्नो नाम/रोल नं/फोन नं लेखी परीक्षाको मर्यादा उल्लङ्घन गरिएको तथा केहीको हलमा अनियमितता भएकाले परीक्षा उद्द गरिएको उल्लेख छ। प्रमुख ढकालले भन्नुभयो, "रिट निवेदनबारे आफूहरूलाई जानकारी नभएको राससलाई बताउनुभयो।" सेवा आयोग त्रिविको स्वायत्त निकाय मानिन्छ।

गत कात्तिक २७ गते जारी सूचनामा खुल्ला प्रतियोगिताअन्तर्गत विज्ञापन नं २२६ (२०७५/७६) को कृषि अर्थशास्त्र विषयको परीक्षामा अघिल्लो दिनको सूचनामा त्रुटि भएकाले जनाउँदै संशोधन गरिएको जनाइएको थियो। आयोगका नतिजामा विगतमा पनि अनियमितताका घटना सार्वजनिक भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरी विशेष अदालतमा मुद्दा दायर गरेपछि २०७६ असार १९ मा तत्कालीन अध्यक्ष चैतन्य शर्मा, सदस्यचिव परशुराम कोइराला, सदस्य चिन्तामणि पोखरेलसहित नौ जना निलम्बनमा पर्नुभएको थियो। उहाँहरूलाई प्राप्ताङ्क केरमेट गरी परिवर्तन गरिएको, नातेदार परीक्षार्थीलाई उत्तीर्ण बनाउन प्रयास गरिएको आरोप लगाइएको थियो।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### अमेरिकामा एक हप्ताभित्रै कोभिड-१९ बाट १० हजारको मृत्यु

वासिङ्टन, १७ मङ्सिर (रासस/एपी)।

कोरोनाभाइरस महामारीबाट सर्वाधिक असर परेको संयुक्तराज्य अमेरिकामा एक साताकै अवधिमा कोरोना संक्रमणबाट झण्डै १० हजार व्यक्तिको मृत्यु भएको छ।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार हालसम्म अमेरिकामा कोरोनाभाइरसको संक्रमणका कारण मृत्यु हुनेको संख्या दुई लाख ७७ हजार नाघेको छ। पछिल्ला दिनमा अमेरिकाका विभिन्न राज्य एवं शहरमा कोरोनाभाइरस संक्रमण तीब्ररुपमा फैलिएको छ। अमेरिकामा कोरोना संक्रमितको संख्या एक करोड ४१ लाख पुगिसकेको छ जसमध्ये ८३ लाख ३३ हजार व्यक्ति संक्रमणमुक्त भएका छन्।

विश्वभर कोरोना संक्रमणबाट १४ लाख ८६ हजार ८०० भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ। विश्वविद्यालयका अनुसार विश्वभर छ करोड ४१ लाख ९४ हजारभन्दा बढी व्यक्ति संक्रमित भएका छन् भने चार करोड ४४ लाख ४२ हजार संक्रमणमुक्त भएका छन्। अझै विश्वभर एक लाख छ हजार व्यक्ति गम्भीर स्वास्थ्य समस्याबाट गुज्रिरहेका छन्।

### चिनियाँ मानवरहित अन्तरिक्ष यान चन्द्रमामा अवतरण

बेइजिङ, १७ मङ्सिर (रासस/एपी)।

चिनियाँ अन्तरिक्ष यान चन्द्रमामा सफलतापूर्वक अवतरण गरेको चीन सरकारले बुधबार घोषणा गरेको छ। मानवरहित उक्त यानले चन्द्रमाबाट केही ढुंगा संकलन गरी पृथ्वीमा फर्कने छ।

चाङ्गे ५ नाम दिइएको यो यान मंगलबार ११ बजे राति चन्द्रमामा अवतरण गरेको चिनियाँ राष्ट्रिय अन्तरिक्ष प्रशासनले जनाएको छ। अन्तरिक्ष प्रशासनले चन्द्रमामा अवतरण गर्दाका तस्वीर पनि सार्वजनिक गरेको छ।

चिनियाँ अन्तरिक्ष प्रशासनले चाङ्गे यानले चन्द्रमामा ढुंगाका नमूना संकलन गरेको जनाएको छ। यानले चन्द्रमामा अवतरण गर्नेक्रममा सफलतापूर्वक आफ्ना सौर्य प्यानल फहराएको थियो जसले यानलाई आवश्यक पर्ने ऊर्जा प्रदान गर्नेछ।

चीनको हैनान प्रान्तबाट गत नोभेम्बेर २४ मा प्रक्षेपण गरिएको यो यान चिनियाँ अन्तरिक्ष कार्यक्रमको एउटा महत्वाकाँक्षी परियोजना हो। हैनान अन्तरिक्ष केन्द्रबाट सन् २००३ मा पहिलो पटक एक चिनियाँ अन्तरिक्ष यात्री लिएको यान अन्तरिक्षमा पठाइएको थियो।

चीनले हाल मंगलग्रहको खोज र अनुसन्धानका लागि पनि यान प्रक्षेपण गरिसकेको छ। चीनले चाँडै मानवरहित यान चन्द्रमामा उतार्ने योजना बनाएको छ।

यसपटक चन्द्रमा पुगेको यान दुई दिनसम्म चन्द्रमाको सतहमा रहनेछ र त्यहाँबाट दुई किलोग्राम ढुंगा र अन्य पदार्थ संकलन गर्नेछ। यो यान यही डिसेम्बर महिनाको मध्यतिर उत्तरी चीनमा अवतरण गर्नेछ।

यदि यो उडान सफल भएमा सन् १९७० को दशकपछि पहिलोपटक पृथ्वीमा चन्द्रमाको सहतबाट नयाँ नमूना प्राप्त हुनेछ। यी नमूनालाई अनुसन्धानका लागि अन्य देशका वैज्ञानिकलाई पनि उपलब्ध गराइने चीनले जनाएको छ।

यसैबीच, अमेरिकी र रुसी अन्तरिक्ष कार्यक्रमका अधिकारीले चिनियाँ सफलताका लागि बधाइ दिएका छन्।

अमेरिकी अन्तरिक्ष संस्था (नासा) का वैज्ञानिक अभियान प्रमुख टमस जर्बुचेनले ट्वीटरमा चाङ्गे ५ अभियानको सफलताका लागि चीनलाई बधाइ दिनु भएको छ। उहाँले लेख्नुभएको छ, "यो त्यति सजिलो काम होइन।"

पृथ्वीमा यसअघि अन्तिमपटक सोभियत रुसको अन्तरिक्ष अभियानबाट सन् १९७६ मा चन्द्रमाबाट ढुंगा ल्याइएको थियो।

संयुक्तराज्य अमेरिकाका अन्तरिक्ष यात्रीले सन् १९६९ र १९७२ को अवधिमा ३८२ किलोग्राम ढुंगा चन्द्रमाबाट पृथ्वीमा ल्याएका थिए। ती ढुंगाको अध्ययन र विश्लेषण आजपर्यन्त जारी छ।

### भारतमा किसानको प्रदर्शन एक हप्ता पुरा

नयाँदिल्ली, १७ मङ्सिर (रासस/एएनआई)।

भारतमा किसानले गरिरहेको विरोध प्रदर्शनको सिलसिला बुधबार एक हप्ता पुरा भएको छ। सरकारले ल्याएको कृषिसम्बन्धी तीन ओटा कानुनको विरुद्धमा असन्तुष्टि जनाउँदै किसानले प्रदर्शन गरेका हुन्।

संसद्को गत अधिवेशनबाट सरकारले पारित गरेको कानुनका विरुद्धमा उनीहरुले त्यति बेलादेखि नै असन्तुष्टि जनाउँदै आएपनि पछिल्लो केही समयदेखि आन्दोलन नै गर्न थालेका छन्।

उनीहरुले केन्द्रीय राजधानी नयाँदिल्लीको निराकार संगम मैदानमा शुरु गरेको प्रदर्शन बुधबार एक हप्ता भएको हो।

आन्दोलन चर्किदै गएपछि सरकारले आन्दोलनकारी किसानहरुलाई वार्तामा बस्न आग्रह गरेको थियो। सरकारको आग्रअनुसार मंगलबार राति भएको वार्ता पनि विना निश्कर्ष सकिएको छ।

मंगलबार रातिको वार्तामा सरकारी पक्षले मागको सम्बोधनका लागि छुट्टै समिति बनाउन प्रस्ताव गरेपनि आन्दोलनरत किसानले भने अस्विकार गरेका छन्। आन्दोलनकारीका प्रतिनिधि तथा अगुवासँग भएको वार्ताले पनि सकारात्मक संकेत नदिएपछि आन्दोलन थप चर्किने र लम्बिने संभावना देखिएको छ।

वार्ता सकारात्मक नभएपछि कृषि मन्त्री नरेन्द्र सिंह तोमरले भने वार्ता राम्रो भएको प्रतिक्रिया दिनुभएको छ।

उनीहरुसँगको वार्ता यही डिसेम्बर ३ तारिख भोलि (बिहीबार) फेरी गर्ने तय भएको पनि उहाँले जानकारी दिनुभयो।

"हामीले आन्दोलनरत किसानका प्रतिनिधिसँग निरन्तर कुराकानी गर्न खोजेका छौं, तर उहाँहरु छुट्टा छुट्टै गर्न चाहनुहुन्छ, हामीलाई त्यसमा पनि समस्या छैन," मन्त्री तोमरले भन्नुभयो।

सरकारले किसान र उपभोक्ताकै हितका लागि कानुन ल्याइएको दावी गरेको छ भने किसानले नयाँ कानुनले किसानलाई मर्कामा पार्ने दावी गरेका छन्।

# छापाखानाकर्मी रामअवतारको स्मृतीमा श्रद्धाञ्जली सभा




**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर**

छापाखानाकर्मी स्व. रामअवतार यादवको स्मृतीमा बुधबार राजविराजमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ ।

नेपाल छापाखाना तथा सम्बद्ध श्रमिक संघ सप्तरीको आयोजनामा आयोजित श्रद्धाञ्जली सभामा वक्ताहरुले रामअवतारको असमायिक निधनले छापाखाना क्षेत्रमा अपूर्णिय क्षति भएको बताएका छन् ।

सभामा ट्रेड युनियन काँग्रेसका नेता उमेश मिश्रले साना उमेरदेखी छापाखानासँग आवद्ध रहेका रामअवतार अत्यन्त मिलनसार स्वभावका रहेको तथा आफूले सानै उमेरदेखी उसको महिनेत र लगनशिलता देखेको बताए ।

संघका अध्यक्ष रामानन्द देवको अध्यक्षतमा आयोजित श्रद्धाञ्जली सभामा नेपाल प्रेस युनियन सप्तरीका पूर्व अध्यक्ष ओमप्रकाश साह, संचारकर्मी धिरेन्द्र प्रसाद साह, गणेशलाल देव, माला कर्ण, नवीनकुमार गुप्ता लगायतले स्व. रामअवतारले छापाखानाप्रति देखाएको इमान्दारिता, लगनशिलता र महिनेत बारे चर्चा गरेका थिए ।

सो अवसरमा छापाखानासँग आवद्ध श्रमिक तथा शुभचिन्तकहरुको तर्फबाट संघका अध्यक्ष रामानन्द देवले स्व. रामअवतारका भाईलाई किरिया खर्च वापत आर्थिक सहयोग समेत प्रदान गरेका थिए ।

स्व. रामअवतार सानै उमेरमा छापाखानामा आवद्ध भई पहिला पत्रिका हकर, मेशिन हेल्परहुँदै मेशिन अपरेटरको रुपमा काम गर्दै आएका थिए । राजविराज वडा नं. १ डुमरी शिवथान निवासी ३० वर्षिय रामअवतारको २०७७ साल मंसिर ५ गते अल्पआयूमै असमायिक निधन भएको थियो ।

### नुनदेखी सुन ...

सोही टोलीले सुन पसलहरुमा समेत अनुगमन गरेकोमा केही दर्तै नभई संचालनमा रहेको तथा केही नविकरण नगराइएको पाइएकाले त्यस्ता पसललाई तत्कालै बन्द गर्न लगाई दर्ता र नविकरण गराउन पत्र काटिएको अनुगमन टोलीका प्रमुख शम्भु कुमार झाले बताए ।

टोलीले अनुगमनका क्रममा म्याद गुज्रिएका खाद्य बस्तु जफत गरि नष्ट गरेको र पसलमा मुल्यसूची अनिवार्य टाँस गर्न तथा दर्ता नभएकालाई दर्ताका लागि १५ दिनको म्याद दिएको जनाएको छ ।

नापतौल कार्यलयका प्रमुख शम्भु कुमार झाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन, राजविराज नगरपालिका कार्यालय, उपभोक्ता मञ्च नेपाल, पत्रकार महासंघ लगायतका प्रतिनिधि सम्मिलित टोलीले सो अनुगमन गरेको हो । यता अनुगमन कार्य केही दिन अझै जारि रहने टोलीका प्रमुख झाले जानकारी दिएका छन् ।

# काँग्रेसका वरिष्ठ नेता पौडेलको गिरफ्तारी बिरुद्ध प्रदर्शन

**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर**



नेपाली काँग्रेस सप्तरीले नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलमाथी गरिएको दुरव्यवहार र गिरफ्तारीप्रति नेवि संघ सप्तरीले बिरोध प्रदर्शन गरेको छ ।

तनहुँको ब्यास नगरपालिका वडा नं. १ र ११ जोड्ने बुल्दी खोलामा काँग्रेसकै पालामा निर्माण सम्पन्न भएको पुलको बुधबार उद्घाटन गर्न जाँदा प्रहरीले वरिष्ठ नेता पौडेललाई दुरव्यवहार गर्दै गिरफ्तार गरेको बिरोधमा बुधबारै साँझ सप्तरीमा सो घटनाको बिरोध गर्दै प्रदर्शन गरिएको हो ।

काँग्रेस सप्तरीका सचिव रामकुमार यादवद्वारा जारि विज्ञप्तिमा सरकारको यस्ता कार्यको भर्त्सना गर्दै तत्काल नेता पौडेललाई रिहा गर्न माँग गर्दै अन्यथा काँग्रेस सप्तरी सरकारबिरुद्ध आन्दोलनमा उत्रने चेतावनी समेत दिइएको छ ।

# श्याम बाबा राईस मिल कारवाहीमा

**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर**

स्टेन्डर नाप र तौल (मोहर बन्द प्याकेज) नियमाबली २०७६ बमोजिम चामलका बोराहरू प्याकेजिङ नगरेको पाईएकोले राजविराजस्थित एक राइस मिललाई हाल बिक्री बितरण नगर्न नगराउन रोक गरिएको छ ।

राजविराजस्थित श्याम बाबा राईस एण्ड आयल मिल प्रालिलाई सो रोक लगाइएको हो । मिलका संचालकलाई तीन दिन भित्र गुणस्तर तथा नाप तौल कार्यलयमा उपस्थिति हुन पुर्जी जारी गरेको जनाइएको छ ।

बुधवार गुणस्तर तथा नाप तौल कार्यालयका प्रमुख शम्भु झाले स्थलगत निरिक्षण गर्दै त्यस्तो पाईएकोले कारवाही गरिएको बताएका छन् ।

उक्त उद्योगमा प्रयोगमा रहेका नाम तौल तथा नापने तौल्ने यन्त्रहरूको जाँच नगराई र सो को अनुमतिपत्र नलिई प्रयोग गरि पाईएकोले स्टेन्डर नाप र तौल ऐन २०२५ अनुसार कारवाही गरिएको प्रमुख झाले बताए ।

# अरिंगालको टोकाईबाट महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर**

अरिंगालको टोकाईबाट सप्तरीमा एक महिलाको बुधबार बिहान उपचारका क्रममा मृत्यु भएको छ ।

सप्तरीको रुपनी गाउँपालिका १ बस्ने राजेश भन्ने रामसुन्दर यादवकी २४ वर्षिया श्रीमती रमिलादेवीको उपचारको क्रममा मृत्यु भएको हो ।

मंगलबार दिउँसो खेतमा काम गर्न गएको बेला नजिकै रहेको रुखमा झुण्डिरहेको अरिंगालको गोलामा स्थानिय केही केटाकेटीले ढुंगा हानेका थिए । ढुंगा हानेपछि उडेका अरिंगालहरुले खेतमा काम गर्दै गरेकी रमिला र उनका ससुरा सुरतलाललाई समेत टोकेपछि उपचारका लागि सोही गाउँपालिकास्थि युनिक अस्पताल लगिएको थियो ।

तर अवस्था झन बिग्रिदै गएपछि अबेर राती रमिलालाई थप उपचारका लागि त्यहाबाट रेफर गरि राजविराजस्थित छिन्नमस्ता अस्पताल ल्याइएको थियो ।

उपचारकै क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । अरिंगालको टोकाईबाट घाइते उनका ससुरा सुरतलालको अवस्था भने सामान्य रहेको रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादवले जानकारी दिएका छन् ।

### एसपीसहित ...

यादव हाल महानगरीय ट्राफिक प्रहरी महाशाखामा प्रवक्ताका रुपमा, बस्नेत महानगरीय प्रहरी कार्यालय रानीपोखरीमा र चौरासिया इलाका प्रहरी कार्यालय कपिलकोट सिन्धुलीमा कार्यरत छन् । मन्त्रालयका अनुसार उनीहरूले प्रहरी सङ्गठनको छविमा आँच आउने एवं अन्य प्रहरी कर्मचारीलाई असर पुऱ्याउने किसिमको कार्य गरेको जानकारी प्राप्त भई प्रारम्भिक छानबिन गर्दा आफूलाई सुम्पिएको जिम्मेवारी र दायित्व पूरा नगरेको पाइएको छ ।

मन्त्रालयले प्रहरी नियमावली,२०७१ विपरीत आचरण, व्यवहार तथा गैरव्यावसायिक कार्य गरेको पुष्टि हुन आएकाले थप जाँचबुझ एवं छानबिन गर्न प्रहरी नियमावली, २०७१ को नियम ११५ को (४) बमोजिम सचिवस्तरको निर्णयअनुसार बढीमा ६ महिनाका लागि निलम्बन गरिएको जनाएको छ । केही दिनअघि मात्रै मन्त्रालयले इलाका प्रहरी कार्यालय मालाखेती कैलालीका प्रहरी नायब उपरीक्षक भरतराज चौधरीलाई पनि निलम्बन गरेको थियो ।




देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*